# दक्षिणकाली नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**फर्पिङ, काठमाडौँ, बागमती प्रदेश, नेपाल**

## करार सेवामा पदपूर्ति सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७९/१०/०५

यस दक्षिणकाली नगरपालिकाको नवौँ नगरसभाको निर्णयानुसार यस नगरपालिकाका लागि देहायको पद, सङ्ख्या र योग्यता भएका नगर प्रहरी र यस न.पा. को मिति २०७९/०९/१७ गतेको निर्णयानुसार अ.न.मी. र ल्याब असिस्टेन्ट करार सेवामा राख्नुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा राजस्व तिरेको सक्कल रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। दरखास्त फाराम, पाठ्यक्रम, कार्य विवरण, शैक्षिक योग्यता र अनुभव, पारिश्रमिक, सेवाका सर्तहरू सहितको विस्तृत विवरण कार्यालयबाट वा वेबसाइट www.dakshinkalimun.gov.np बाट उपलब्ध हुनेछ।

| क्र.सं. | विज्ञापन नं. | पद | खुला | समावेशी | जम्मा | परीक्षा दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | महिला | | | |
| १ | ५-०७९/०८० | नगर प्रहरी सहायक निरीक्षक | १ | - | १ (एक) | रु.५००।- | एकभन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहका लागि रु.२००।- का दरले थप दस्तुर लाग्नेछ। |
| २ | ६-०७९/०८० | नगर प्रहरी जवान | ४ | २ | ६ (छ) | रु.४००।- | |
| ३ | ७-०७९/०८० | अ.न.मी. | २ | - | २ (दुई) | रु.४००।- | |
| ४ | ८-०७९/०८० | ल्याब असिस्टेन्ट | १ | - | १ (एक) | रु.४००।- | |

**दक्षिणकाली क्षेत्र विकास समितिको कार्यालय, काठमाडौँमा दरबन्दी रहने गरी र सोही कार्यालयबाट सेवा सुविधा प्राप्त गर्ने गरी**

| क्र.सं. | विज्ञापन नं. | पद | खुला | समावेशी | जम्मा | परीक्षा दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | महिला | | | |
| १ | ९-०७९/०८० | नगर प्रहरी जवान | २ | १ | ३ (तीन) | रु.४००।- | एक भन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहको लागि रु.२००।- का दरले थप दस्तुर लाग्नेछ। |

**- प्रमुख प्रशासकीय अधिकृत**

**Published on: (2079-10-05, January 19, 2023, Gorkhapatra )**

# दक्षिणकाली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

फर्पिङ, काठमाडौं

बागमती प्रदेश, नेपाल

## करार सेवामा पदपुर्ति सम्बन्धी सूचना !

प्रथम पटक प्रकाशित मिति २०७९/१०/०५

यस दक्षिणकाली नगरपालिकाको नवौं नगरसभाको निर्णयानुसार यस नगरपालिकाको लागि देहायको पद, संख्या र योग्यता भएका नगर प्रहरी र यस न.पा. को मिति २०७९/०९/१७ गतेको निर्णयानुसार अ.न.मी. र ल्याब असिष्टेन्ट करार सेवामा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा राजश्व तिरेको सक्कल रसिद सहित दरखास्त दिनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फारम, पाठ्क्रम, कार्य विवरण, शैक्षिक योग्यता र अनुभव, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेभसाईट www.dakshinkalimun.gov.np बाट उपलब्ध हुनेछ ।

| क्र. सं. | विज्ञापन नं. | पद | खुला | समावेशी | जम्मा | परिक्षा दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | महिला | | | |
| १ | ५-०७९/०८० | नगर प्रहरी सहायक निरीक्षक | १ | - | १(एक) | रु.५००।- | एक भन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहको लागि रु.२००।- का दरले थप दस्तुर लाग्नेछ । |
| २ | ६-०७९/०८० | नगर प्रहरी जवान | ४ | २ | ६(छ) | रु.४००।- | |
| ३ | ७-०७९/०८० | अ.न.मी. | २ | - | २दुई) | रु.४००।- | |
| ४ | ८-०७९/०८० | ल्याब असिष्टेन्ट | १ | - | १(एक) | रु.४००।- | |

**दक्षिणकाली क्षेत्र विकास समितिको कार्यालय, काठमाडौंमा**

**दरबन्दी रहने गरी र सोही कार्यालयबाट सेवा सुविधा प्राप्त गर्ने गरी**

| क्र. सं. | विज्ञापन नं. | पद | खुला | समावेशी | जम्मा | परिक्षा दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | महिला | | | |
| १ | ९-०७९/०८० | नगर प्रहरी जवान | २ | १ | ३(तिन) | रु.४००।- | एक भन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहको लागि रु.२००।- का दरले थप दस्तुर लाग्नेछ । |

**१) नगर प्रहरीको लागि आवश्यक न्यूनतम योग्यता :**

**क) <u>नगर प्रहरी सहायक निरीक्षक पदको लागि :</u>**

- नेपाली नागरिक भएको ।
- मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको ।
- उमेर १८ वर्ष पुरा भई २८ वर्ष ननाघेको ।
- कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।
- नेपाल सरकारबाट मान्यता प्राप्त अस्पतालको चिकित्सकले दिएको निरोगिताको प्रमाणपत्र ।
- कुनैपनि राजनैतिक दलको सदस्य नरहेको ।
- मानव अधिकार र मानवीय कानूनको उल्लङ्घनमा सजाय नपाएको ।
- पुरुषको हकमा घटीमा उचाई ५ फिट २ ईन्च, छाती ३१-३३ ईन्च, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाई ५ फिट, तौल न्यूनतम ४२ के.जी. भएको, आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

**ख) <u>नगर प्रहरी जवानको लागि :</u>**

- नेपाली नागरिक भएको ।
- मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस.एल.सी./एस.ई.ई. (कम्तीमा ग्रेड सी ल्याई उत्तिर्ण) वा सो सरह उत्तिर्ण गरेको ।
- उमेर १८ वर्ष पुरा भई २५ वर्ष ननाघेको ।
- कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।
- नेपाल सरकारबाट मान्यता प्राप्त अस्पतालको चिकित्सकले दिएको निरोगिताको प्रमाणपत्र ।
- आतङ्ककारी संगठनको सदस्य नरहेको ।
- मानव अधिकार र मानवीय कानूनको उल्लङ्घनमा सजाय नपाएको ।
- राजनैतिक दलको सदस्य नरहेको ।
- पुरुषको हकमा घटीमा उचाई ५ फिट २ ईन्च, छाती ३१-३३ ईन्च, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाई ५ फिट, तौल न्यूनतम ४२ के.जी. भएको, आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

**ग) <u>अ.न.मी. पदको लागि :</u>**

- मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित कम्तिमा अ.न.मी. विषय उतिर्ण गरी नेपाल नर्सिङ काउन्सिलमा दर्ता भएको हुनुपर्ने ।

**घ) ल्याब असिष्टेन्ट पदको लागि :**

- मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित कम्तिमा ल्याब असिष्टेन्ट विषय उतिर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएको हुनुपर्ने ।

**२) आवेदनसाथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु :**

क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

ख) न्यूनतम शैक्षिक योग्यता र माथिल्लो शैक्षिक योग्यता भएमा शैक्षिक योग्यता खुलेको तथ्यांक र चारित्रिक प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

ग) सबै प्रमाणपत्रहरुमा उम्मेदवार स्वयंले सक्कल बमोजिम नक्कल ठिक छ भनि प्रमाणित गरेको हुनुपर्नेछ । समकक्षता चाहिनेको हकमा समकक्षता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

घ) अनुभवको प्रमाणित प्रतिलिपि (अनुभवीलाई विशेष ग्राह्यता दिईनेछ) ।

ङ) परिषद/काउन्सिलमा दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

३) <u>पारिश्रमिक :</u>

क) नगर प्रहरी सहायक निरीक्षक र नगर प्रहरी जवान पदको हकमा नगरपालिकाले तोकिए बमोजिमको सेवा सुविधा भुक्तानी हुनेछ ।

ख) दक्षिणकाली क्षेत्र विकास समितिको कार्यालयको नगर प्रहरीको हकमा सोहि समितिले तोकिए बमोजिमको सेवा सुविधा भुक्तानी हुनेछ ।

ग) अ.न.मी. र ल्याब असिष्टेन्टको हकमा नगरपालिकाको निर्णय बमोजिमको मासिक रु.२५,३००।- पारिश्रमिक भुक्तानी हुनेछ ।

**४) छनौटको विधि :**

**नगर प्रहरीको हकमा :**

क) स्वास्थ्य परिक्षण परिक्षा तथा शारिरीक तन्दुरुस्ती परिक्षण,

ख) लिखित परिक्षा

ग) अन्तर्वार्ता परिक्षा

**अ.न.मी. र ल्याब असिष्टेन्टको हकमा :**

क) अन्तर्वार्ता (संक्षिप्त सूचीमा परेका उम्मेदवारहरुलाई मात्र अन्तर्वार्तामा समावेश गराईनेछ ।)

५) सूचनामा उल्लेख भए बाहेकका अन्य आवश्यक कुराहरु उम्मेदवार छनौट तथा सिफारिस समितिले निर्धारण गरे तथा प्रचलित कानून बमोजिम हुनेछ ।

६) आवेदन फाराम यस नगरपालिकाको वेवसाईट www.dakshinkalimun.gov.np बाट डाउनलोड गर्न सकिनेछ वा यस कार्यालयको प्रशासन शाखाबाट समेत प्राप्त गर्न सकिनेछ ।

७) **परीक्षा तथा अन्तर्वार्ता हुने केन्द्र र मिति :** पछि प्रकाशन गरिनेछ ।

८) थप जानकारीको लागि यस नगरपालिकाको सम्पर्क नं. ०१-४७१००२८ र इमेल info@dakshinkalimun.gov.np मा सम्पर्क गर्न सक्नु हुनेछ ।

**- प्रमुख प्रशासकीय अधिकृत**